आज मिति २०७८ साल जेष्ठ ७ गते शुक्रवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | अनुपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| लेखा अधिकृत | श्री हेमन्त गुरुङ्ग | उपस्थित |

प्रस्ताव नं.१ : मिति २०७८/१/२२ गतेको निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : पि.सि.आर. ल्याव सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.३ : कोभिड-१९ सम्बन्धी समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.४ : अक्सिजन प्लाण्ट निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.५ : कोभिड-१९ सम्बन्धी राहत उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.६ : कोभिड-१९ सम्बन्धी जोखिम भत्ता उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.७ : विपद्जन्य प्रतिकार्य योजना तयार पार्ने एवं राहत उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.८ : आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी गृहकार्य सम्बन्धमा ।
प्रस्ताव नं. ९ : विद्यालयको शैक्षिक शत्र २०७७ को अन्तिम परीक्षाफल तयार पार्ने सम्बन्धमा ।
प्रस्ताव नं. १० : आइसोलेसन केन्द्रको जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. ११ : आधारभुत स्वास्थ्य केन्द्रको जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. १२ : एम्बुलेन्स र शव वाहन भाडामा लिने सम्झौता अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. १३ : ठेक्का स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १४ : गौ संरक्षण तथा प्राङ्गारिक मल उत्पादन केन्द्र सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं. १५ : WASH कार्यक्रम सम्बन्धी अनुगमन गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १६ : आवास सुविधा सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/०१/२२ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुको समय सिमा र अपेक्षित प्रतिफललाई मध्यनजर गरी प्राथमिकताका आधारमा कार्यान्वयन प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०७८ जेष्ठ ५ गते तनहुँ जिल्लामा कोभिड-१९ को असर र प्रभाव लगायत पि.सि.आर. ल्याव स्थापना सम्बन्धमा यस नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा सम्पन्न तनहुँ जिल्ला स्थित स्थानीयतहहरु समेत अन्य सरोकारवालाहरुको बैठकबाट भएको निर्णय बमोजिम यस नगरपालिका वडा नं. १० दुम्सी बजारमा अवस्थित दुम्सी आधारभुत स्वास्थ्य केन्द्रमा पि.सि.आर. ल्याव स्थापनाको लागि आवश्यक सहयोग गरिदिन साथै ल्याव सञ्चालन अनुमती प्रदान गरिदिन आयोजना प्रस्ताव तयार गरी सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा विद्यमान कोभिड-१९ को असर तथा नागरिक सचेतना एवं सावधानी सम्बन्धमा प्रत्येक वडाको तथ्याङ्कलाई अध्ययन गरी वडागत समिक्षा गरियो । स्वास्थ्य तथा जनसंख्या शाखाद्वारा पेश हुन आएको कोभिड-१९ सम्बन्धी तथ्याङ्क बमोजिम यस नगरपालिकाद्वारा मिति २०७८/१/१३ गतेदेखि मिति २०७८/२/७ गतेसम्म जम्मा ६१६ जनाको पि.सि.आर. परीक्षण गरिएकोमा आजका मितिसम्म जम्मा ४३३ जनाको रिपोर्ट प्राप्त भएकोमा ती मध्ये २९१ जना व्यक्तिहरु संक्रमित भएकोमा जसमध्ये ११ जनाको मृत्यु भईसकेको र ५९ जना संक्रमण मुक्त भईसकेको साथै २२२ जना व्यक्तिहरु उपचारकै क्रममा सामुदायिक आइसोलेसन, दमौली अस्पताल, जि.पि. कोइराला श्वास प्रश्वास अस्पताल र आ-आफ्नै घरमा होम आइसोलेसनमा उपचाररत रहेका र १८३ जनाको पि.सि.आर. रिपोर्ट आउन बाँकी रहेको विवरण प्राप्त भएको हुँदा संक्रमणको दर तिब्रत्तर रुपमा बढिरहेको यस चुनौतीपूर्ण घडीमा अत्यन्त सावधानीपूर्वक कोभिड-१९ विरुद्धको अभियानमा जुट्न सम्बन्धित सबैलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आगामी वार्षिक कार्यक्रममा नगरपालिकाको नगर अस्पताल स्थापना गर्न र आफ्नै अक्सिजन प्लाण्ट निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार एवं विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाहरुसँग सहकार्यका लागि आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को संक्रमण भई मृत्यु हुने परिवारलाई सम्बन्धित वडाको सिफारिसमा निःशुल्क शव बाहनका साथै काजकृया खर्च वापत जनही रू.१०,०००।- (दश हजार रुपैंया) सहयोग गर्ने र कोभिड-१९ बाट संक्रमित भई उपचाररत विपन्न एवं मजदुर परिवारलाई रू.५,०००।- (पाँच हजार रुपैंया) उपचार एवं राहत सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार कार्यमा खटिने देहाय बमोजिमका कर्मचारीहरुलाई निजहरुको कार्य प्रकृति र त्यसको जोखिमलाई आधार मानी निम्नानुसार शुरु तलव स्केलमा २५% देखि १००% सम्म जोखिम भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

| क्रस. | नामथर | जोखिम भत्ता प्रतिशत | लागू मिति | कैफियत |
|---|---|---|---|---|
| **पुर्ण रुपमा स्वाब कलेक्सन एवं आईसोलेसनमा खटिने कर्मचारी** | | | | |
| १ | डा. श्री सुरज घिमिरे | १००% | २०७८ जेष्ठ १ गते | |
| २ | जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोती | १००% | २०७८ बैशाख २१ गते | |
| ३ | हे.अ. श्री प्रसन्न केसी. | १००% | २०७८ जेष्ठ १ गते | |
| ४ | अ.हे.व. श्री मिथिलेस यादव | १००% | २०७८ जेष्ठ १ गते | |
| ५ | ल्याव टेक्निसियन श्री प्रमिला गुरुङ | १००% | २०७८ बैशाख १३ गते | |
| ६ | ल्याव असिष्टेन्ट श्री पवित्रा पौडेल | १००% | २०७८ बैशाख १३ गते | |
| ७ | कुचिकार श्री बिरेन्द्र दरै | १००% | २०७८ जेष्ठ १ गते | |

नोट : आवश्यकता अनुसार जनशक्ति हेरफेर भएमा उल्लेखित मापदण्ड अनुसार नै सुविधा उपलब्ध गराउने ।

| | | | | |
|---|---|---|---|---|
| **प्रत्यक्ष अग्रपङ्तिमा खटिएका कर्मचारी** | | | | |
| १ | शा.अ. श्री मेघनाथ आचार्य | ७५% | २०७८ वैशाख २१ गते | |
| २ | सूचना प्रविधि अ. श्री विशाल पण्डित | ७५% | २०७८ वैशाख २१ गते | |
| ३ | अ.न.नि. श्री कल्पना कोइराला दाहाल | ७५% | २०७८ वैशाख २१ गते | |
| ४ | ज.स्वा. निरीक्षक श्री लक्ष्मी गुरुङ | ७५% | २०७८ वैशाख २१ गते | |
| ५ | हे.अ. श्री खुसीराम क्षेत्री | ७५% | २०७८ वैशाख १३ गते | |
| ६ | अ.हे.व. श्री उज्ज्वल न्यौपाने | ७५% | २०७८ वैशाख १३ गते | |
| ७ | सवारी चालक श्री काजिमान श्रेष्ठ | ७५% | २०७८ वैशाख १३ गते | शव तथा स्वाव ढुवानी |
| ८ | श्री राम बहादुर केसी. | ७५% | २०७८ वैशाख ३० गते | एम्बुलेन्स चालक |
| **प्रत्यक्ष रुपमा आंशिक सयम कामकाज गर्ने** | | | | |
| १ | लेखा अधिकृत श्री हेमन्त गुरुङ | ५०% | २०७८ वैशाख २१ गते | |
| २ | वडागत स्वास्थ्य फोकल व्यक्ति | ५०% | २०७८ वैशाख २१ गते | स्वास्थ्य शाखाले सिफारिस गरे बमोजिम बढीमा १४ जना |
| ३ | ना.सु. श्री कृष्ण पौडेल | ५०% | २०७८ वैशाख २१ गते | |
| ४ | ना.सु. श्री भाग्यशालि ढुङ्गाना | ५०% | २०७८ जेष्ठ १ गते | |
| ५ | इलेक्ट्रिसियन श्री पुर्ण बहादुर दरै | ५०% | २०७८ जेष्ठ १ गते | |

| | | | | |
|---|---|---|---|---|
| ६ | हेभी चालक श्री कुशेश्वर गुरुङ | ५०% | २०७८ बैशाख २१ गते | |
| ७ | सवारी चालक श्री  तिर्थ बहादुर तामाङ | ५०% | २०७८ बैशाख २१ गते | |
| ८ | सवारी चालक श्री दिनेश गुरुङ | ५०% | २०७८ बैशाख २१ गते | |
| ९ | सवारी चालक श्री विकास श्रेष्ठ | ५०% | २०७८ बैशाख २१ गते | |
| १० | नगर प्रहरी श्री प्रविन गुरुङ | ५०% | २०७८ बैशाख २१ गते | |
| ११ | कार्यालय सहयोगी श्री देवी श्रेष्ठ | ५०% | २०७८ बैशाख २१ गते | |
| **अप्रत्यक्ष रुपमा आंशिक समय कामकाज गर्ने** | | | | |
| १ | ना.सु. श्री चेत बहादुर दरै | २५% | २०७८ जेष्ठ १ गते | |
| २ | सहायक श्री तिलकुमारी शाही थापा | २५% | २०७८ वैशाख २१ गते | |
| ३ | न.प्र.स.नि.  श्री आशिक परियार | २५% | २०७८ जेष्ठ १ गते | |
| ४ | दमकल चालक श्री चन्द्रबहादुर श्रेष्ठ | २५% | २०७८ जेष्ठ १ गते | |
| ५ | का.सहयोगी श्री मन बहादुर कुमाल | २५% | २०७८ बैशाख २१ गते | |
| ६ | कार्यालय सहयोगी श्री राज कुमार श्रेष्ठ | २५% | २०७८ बैशाख २१ गते | |
| ७ | खोप कार्यमा संलग्न स्वास्थ्यकर्मी | २५% | २०७८ बैशाख २१ गते | स्वास्थ्य शाखाले सिफारिस गरे बमोजिम बढीमा १४ जना |
| ८ | सरसफाईका अन्य सबै कर्मचारी | २५% | २०७८ जेष्ठ १ गते | |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य प्रतिकार्य योजना तयार पार्ने र गत बर्ष बाढी पहिरोले घर भत्किएका ७७ जना घर परिवारलाई राहत दिने सम्बन्धमा संघीय सरकारको निर्देशिका बमोजिम तत्काल सहयोग उपलब्ध गराउने प्रकृया बारेमा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आगामी आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा वडागत र नगरस्तरीय तयारीको बारेमा वृहत रुपमा छलफल गरियो । आ.व. २०७६/०७७ का क्रमागत योजनाहरुलाई यसै आर्थिक बर्ष भित्र सम्पन्न गर्ने र आगामी बर्षको कार्यक्रम तय गर्दा क्रमागत योजनामा उक्त आ.व. का योजनाहरुलाई क्रमागत योजनाको रुपमा समावेश नहुने गरी कार्यक्रम पेश गर्न बजेट तथा योजना तर्जुमा समिति र शहरी पूर्वाधार विकास शाखाालई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विद्यालयको वार्षिक परीक्षाहरुको अन्तिम नतिजा आन्तरिक परीक्षा एवं निरन्तर सिकाईको माध्यमका आधारमा मूल्याङ्कन हुने गरी २०७८ जेष्ठ मसान्तभित्र प्रकाशन गर्ने कार्यका लागि सम्पूर्ण नीजि एवं सामुदायिक विद्यालयहरुलाई परिचालित गर्न शिक्षा तथा समाजिक विकास शाखालाई निर्देशन दिने निर्णयो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा व्यास नगरपालिका वडा नं.२ स्थित कृषि विकास भवनमा स्थापना गरिएको आईसोलेसन केन्द्रमा रही कामकाज गर्ने गरी कार्यालयद्वारा मासिक रू.४२,५००।- (बयालिस हजार पाँचसय रुपैंया) पारीश्रमिक र सतप्रतिशत जोखिम भत्ता उपलब्ध गराउने शर्त सहित मेडिकल अधिकृत (अधिकृतस्तर आठौं तह) पदमा व्यास न.पा. वडा नं. २ निवासी डा. सुरज घिमिरेसँग गरेको सेवा करार सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा व्यास नगरपालिका वडा नं.५ स्थित पतेनी आधारभत स्वास्थ्य केन्द्रमा रही कामकाज गर्ने गरी कार्यालयद्वारा मासिक १७,०००। ( सत्र हजार रुपैंया) पारीश्रमिक भत्ता उपलब्ध गराउने शर्त सहित अ.हे.व.(सहायकस्तर चौंथो) पदमा

आँबुखैरेनी गाउँपालिका वडा नं. ६ घर भई हाल व्यास नगरपालिका वडा नं. १ स्थायी बसोवास गर्ने श्री कमला गुरुङ्गसँग भएको सेवा करार सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार अभियान अन्तर्गत कार्यालयले कोभिड-१९ का संक्रमित एवं सुत्केरी र जटिल प्रकृतीका अन्य बिरामीहरुलाई निःशुल्क रुपमा अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्स भाडामा लिने गरी नेपाल भु.पु. सैनिक क्लव सिशाघाटसँग गरेको सम्झौता र पि.सि.आर. गर्ने कार्य एवं शव ढुवानी गर्ने प्रयोजनको लागि म्याग्दे गाउँपालिका वडा नं. ३ निवासी श्री सुशिल न्यौपानेसँग गरेको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगत विभिन्न निर्माण योजनाको लागि दरभाउपत्र आब्हान सम्बन्धी सुचना प्रकाशित गरिएकोमा तोकिएको समयमा रितपुर्वक दर्ता हुन आएको तपशिलमा उल्लेखित फर्मका शिलबन्दी दरभाउपत्रहरु स्वीकृतीको लागि न.पा बोलपत्र मुल्यांकन समितिबाट सिफारिस भै आएकोले उक्त ठेक्का स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि.नं | योजनाको नाम | ठेक्का नं | फर्मको नाम | कबोल रकम (मु.अ.कर र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | वडा कार्यालय पंहुच मार्ग कालोपत्रे योजना व्यास ९ | RE48/vyasmun/२०७७/०७८) | RE48/vyasmun/२०७७/०७८) | रु.१२,७६,५८०।०० |
| २ | मिलनटोल, सिर्जनशिल टोल र अडमपानी टोल बाटो कालोपत्रे योजना व्यास १ | RE49/vyasmun/२०७७/०७८) | RE49/vyasmun/२०७७/०७८) | रु.१०,५६,१४२।०० |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित गौ संरक्षण तथा प्राङ्गारिक मल उत्पादन केन्द्रमा दैनिक रुपमा संकलन हुने कुहिने फोहरको परिमाण बढ्न गएको हुँदा मौजुदा जनशक्तिबाट सो को व्यवस्थापन मिलाउन कठिनाई भएकोले व्यास १० निवासी दान बहादुर दरैलाई मासिक रू.१०,०००।- (दश हजार रुपैंया) ज्याला उपलब्ध गराउने गरी अन्य कामदार सरह कामकाजमा लगाउन सम्बन्धित वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सञ्चालित वास कार्यक्रम WASH plan कार्यक्रमको वास प्लान तयारी सम्बन्धी खर्च निर्देशिकाले गरेको व्यवस्था बमोजिम देहाय बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

नगर प्रमुख श्री बैकुण्ठ न्यौपाने – अध्यक्ष<br>
उप प्रमुख श्री मिरा जोशी – सदस्य<br>
प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल – सदस्य<br>
ईन्जिनियर श्री सुवास गौतम – सदस्य<br>
ईन्जिनियर श्री रविन्द्रलाल मुल – सदस्य सचिव

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को कारण स्वास्थ्य तथा जनसंख्या शाखाको दैनिक कार्यको चाप बढिरहेको हुँदा कार्यालय समय अतिरिक्त समय साँझ बिहान पनि कार्यालयमा उपस्थित गराई कामकाजमा लगाउनुपर्ने भएको हुँदा जनस्वास्थ्य निरीक्षक श्री लक्ष्मी गुरुङ्गलाई रू.४,५००।- (चार हजार पाँचसय रुपैंया) सम्मको आवास सुविधा उपलब्ध गराउने निर्णय गरियो ।